# भाग ३

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

**ट्रेड युनियन (पहिलो संशोधन) नियमावली, २०७७**

ट्रेड युनियन नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

ट्रेड युनियन ऐन, २०४९ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "ट्रेड युनियन (पहिलो संशोधन) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. ट्रेड युनियन नियमावली, २०५० को नियम ९ मा संशोधन : ट्रेड युनियन नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :-

"९. ट्रेड युनियनको नवीकरण : (१) नियम ४, ६ र ८ बमोजिम दर्ता भएको ट्रेड युनियनले ऐनको दफा ७क. मा उल्लिखित अवधि समाप्त हुनु भन्दा तीन महिना अघि अनुसूची-७ बमोजिमको दस्तुर सहित पञ्जिकाधिकारी समक्ष नवीकरणको लागि दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र नवीकरणको लागि दरखास्त दिन नसक्ने ट्रेड युनियनले ऐनको दफा ७क. बमोजिमको अवधि भित्र नवीकरणको लागि लाग्ने दस्तुरको थप पच्चीस प्रतिशत दस्तुर सहित पञ्जिकाधिकारी समक्ष दरखास्त दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र नवीकरणको लागि दरखास्त नदिएमा सो अवधि समाप्त भएको पन्ध्र दिन भित्र पञ्जिकाधिकारीले त्यस्तो ट्रेड युनियनलाई नवीकरण गर्न सूचना दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचना पाउने ट्रेड यूनियनले ऐनको दफा ७क. बमोजिमको अवधि समाप्त भएको छ महिना भित्र नवीकरणको लागि लाग्ने दस्तुरको थप पचास प्रतिशत दस्तुर सहित पञ्जिकाधिकारी समक्ष दरखास्त दिन सक्नेछ।

(५) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु अघि ऐनको दफा ७क. बमोजिमको अवधि समाप्त भएका ट्रेड यूनियनलाई यो नियम प्रारम्भ भएको पन्ध्र दिन भित्र पञ्जिकाधिकारीले नवीकरण गर्न सूचना दिनु पर्नेछ र यसरी सूचना प्राप्त गर्ने ट्रेड यूनियनले यो नियम प्रारम्भ भएको तीन महिना भित्र नवीकरणको लागि लाग्ने दस्तुरको थप पचास प्रतिशत दस्तुर सहित पञ्जिकाधिकारी समक्ष दरखास्त दिन सक्नेछ।

(६) उपनियम (१), (२), (४) वा (५) बमोजिम पेश भएको दरखास्त सम्बन्धमा पञ्जिकाधिकारीले जाँचबुझ गरी रीत पुगेको देखिएमा त्यस्तो ट्रेड युनियनको नवीकरण गरिदिनु पर्नेछ ।

(७) उपनियम (४) वा (५) बमोजिमको अवधि भित्र नवीकरणको लागि दरखास्त नदिने ट्रेड यूनियनको दर्ता कायम रहने छैन ।"

३. मूल नियमावलीको अनुसूची-७ मा संशोधन : मूल नियमावलीको अनुसूची-७ मा रहेका "उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१)" भन्ने शब्दहरु र सोही अनुसूचीको ठाउँ ठाउँमा रहेका "दर्ताको प्रमाणपत्रको" भन्ने शब्दहरुको सट्टा "ट्रेड युनियनको" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
तोयम राया
नेपाल सरकारको सचिव ।